“सुन्दर, सुखी, सुसंस्कृत र समृद्ध म्यागङ”

आर्थिक बर्ष २०८२/०८३ को

# म्यागङ गाउँपालिकाको नीति तथा कार्यक्रम

म्यागङ गाउँपालिका

देउराली, नुवाकोट

बागमती प्रदेश, नेपाल

**आदरणीय सभा अध्यक्षज्यू,**
**सभाका सदस्यज्यूहरु,**

यस गरिमामय सभामा गाउँपालिका आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

**सुन्दर, सुखी, सुसंस्कृत र समृद्ध म्यागङ** गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८२/०८३ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दिगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासिल गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बासोबासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा, सुन्दर र सुसंस्कृत गाउँपालिकाको पहिचान कायम राख्ने तथा वस्ति विकासलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

**विद्यमान परिवेश**

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन रुस युद्ध, इजराइल इरान युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेको छ। यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तारणमा नकारात्मक असर पुगेको छ अर्थात संघीय सरकारबाट वित्तीय हस्तान्तरण र राजश्वबाट यस गाउँपालिकाले प्राप्त गर्नुपर्ने अनुदान मध्ये करिब ३ करोड अनुदान प्राप्त हुन नसक्ने अवस्था छ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशिल मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएको छ। आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन। उब्जाउ खेत बारी बाँझो हुन पुगेका छन। यस सन्दर्भमा कृर्षि क्षेत्रलाई आधुनिकीकरण गरी युवाहरुलाई देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाई आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ।

यस विषम परिस्थितिमा हामीले हाम्रो गाउँपालिकाको अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गर्दै मर्यादित तथा गुणस्तरीय जिवनस्तर सुनिश्चित गरी **सुन्दर, सुखी, सुसंस्कृत र समृद्ध म्यागङ** को मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ।

सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको सबलीकरण र संस्थागत सुदृढिकरण गर्न समेत अपरिहार्य छ। यसका लागि बिद्युतीय सुशासन प्रणालीलाई सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ।

**विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती**

**विद्यमान अवसरहरू:**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछन:

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भई २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तथा योजना तर्जुमाको अभ्यास हुनु।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु।
५. सडक निर्माणमा भएको लगानीसंगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु।
६. घरहरूको निर्माणमा भवनसंहिता पालना हुने क्रम बढनु तथा नक्सापास गर्न नागरिकको आकर्षण बढ्नु।
७. गाउँपालिका भित्रको ऐतिहासिक, धार्मिक र जैविक विविधताले पर्यटनको प्रचुर सम्भावना देखिनु।

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछन:

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु।
३. गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु।
४. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु।
५. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु।
६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु।
८. सडक लगायतका पूर्वाधारको उपयोग योजना, डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु।
९. भिरालो ठाउँ, बाढी पहिरो लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।
१०. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।
११. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
१२. सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु।
**१३.** विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु।

**नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिगदर्शन २०७८, स्रोहो आवधिक योजनाको मूलभूत पक्षहरू तथा दिगो विकासका लक्ष्य अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ।

स्रोहो योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएको छ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई कायम राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइने छ।

**चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण भौतिक उपलब्धि**

**भौतिक पूर्वाधार विकास का क्षेत्रमा भएका उपलब्धी**

यस गाउँपालिकामा हाल सम्म १३ कि. मि. कालो पत्रे, २१ कि. मि. ग्राभेल सडक, २५ कि. मि. नयाँ स्थानीय सडक, ५० कि. मि. सडकको मर्मत तथा स्तरउन्नती, २१० कि. मि. धुले वा कच्ची सडक रहेको छ। यसरी गाउँपालिकामा रहेको सडकको कुल लम्बाई ३१५ कि. मि. रहेको छ।

गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुगेको छ। गाउँपालिकाले अधिकाशं वस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत सर्वयाम गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेको छ।

हाल सम्म पालिका भित्र ९ वटा झोलुङ्गेपुल १ वटा सडक पुल र ३ वटा ल्याण्डफिल्ड साइट निर्माण भईसकेको छ। गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ वनाइएको छ।

**सामाजिक विकासका क्षेत्रमा भएका उपलब्धी**

गाउँपालिकामा वडा नं. ३ मा १५ शैंयाको अस्पताल र वडा नं. ५ मा सिमलसौरा स्वास्थ्य चौकीको निर्माण कार्य सञ्चालन भईरहेको छ। गाउँबासीलाई १ प्राथमिक स्वास्थ्य केन्द्र, ५ स्वास्थ्यचौकी, ४ वर्थिङसेन्टरबाट ३९ जनालाई गुणस्तरीय सफल सुत्केरी गराईएको, १८ खोप केन्द्र मार्फत स्वास्थ्य सेवा प्रवाह गरिरहेको छ। साथै महिलाहरुको प्रजनन स्वास्थ्य परीक्षण शिविर VIA सञ्चालन गरि १८३ महिला दिदिबहिनीको परीक्षण गरियो। देउराली प्राथमिक स्वास्थ्य केन्द्र र दमाईचौर, किम्ताङ स्वास्थ्यचौकीबाट आँखा उपचार सेवा निरन्तरता गरियो। मासिक

रुपमा १७ वटा गाउँघर क्लिनिकबाछ ३९५० जनालाई स्वास्थ्य सेवा प्रवाह गरिएको। आर्थिक बर्ष २०८१/०८२ मा १०४ जना २३ महिना भित्रका बालबालिकाहरुलाई पुर्नखोप लगाईएको। स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ कर्मचारीहरुबाट ९१ जना सुत्केरीको PNC Home Visit उत्तर प्रसुती घरभेट गरी सेवा दिईएको।

गाउँपालिकामा १९ वटा सामुदायिक, २ वटा संस्थागत विद्यालय, १ क्याम्पस र ५ वटा सामुदायिक अध्ययन केन्द्र संचालनमा रहेको छ। गाउँपालिका भित्र सबै विद्यालयहरुमा इन्टरनेट पुगेको छ भने ६ वटा माध्यामिक विद्यालय र २ वटा आधारभूत विद्यालयमा कम्प्युटर प्रयोगशाला व्यवस्था भइसकेको छ। ६ वटा माध्यामिक विद्यालयमा विज्ञान प्रयोगशाला र ५ माध्यामिक विद्यालयमा पुस्तकालय स्थापना भएको छ। सबै विद्यालयको बालकक्षामा स्मार्ट टेलिभिजनको व्यवस्था गरिएको छ। नमुना विद्यालय भ्रमण गरी राम्रा अभ्यासहरुलाई कार्यान्वयन गरेको छ। शिक्षा नीति निर्माण एवं म्यागङ गाउँपालिका शिक्षा ऐन, २०७८ कार्यान्वयन गरेको छ। अनिवार्य तथा निशूल्क शिक्षा लागु भएको स्थानीय तह घोषण गरिएको छ। ६ वटा विद्यालयमा MGML कार्यक्रम लागु गरिएको छ। सबै विद्यालयमा शिक्षकले कक्षा कोठामा विताउने समय सुधारको लागि शिक्षक विद्यार्थी लग बुकको प्रयोग गरिएको छ। साथै शिक्षकहरुको विषयगत समिति निर्माण गरिसकेको छ। प्रधानाध्यापक र विद्यालय व्यवस्थापन सँग कार्य सम्झौता गरिएको छ।

१९ जना आमाबाबु विहिन बालबालिकालाई सामाजिक सुरक्षा मार्फत संरक्षण गरियो। १४५ जना अपाङ्गता, १४८८ जेष्ठ नागरिक, ९२ दलित बालबालिका, १०७ असहाय एकल महिलाहरु गरि २०९० जना असाहयलाई सामाजिक सुरक्षा मार्फत संरक्षण गरियो। चालु आ. व. मा २७ जना अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरि अपाङ्गता परिचयपत्र वितरण गरियो।

विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेको छ। युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदान निर्माण भएका छन ।

**<u>आर्थिक विकास का क्षेत्रमा भएका उपलब्धी</u>**

गाउँपालिकाका कृषकहरुलाई १८ वटा टयाक्टर, २००० प्याकेट बोडीको विउ, १००० प्याकेट इमिडाक्लोरोपिड, १२५० प्याकेट इमामेक्टिन वेन्जोएट, १०८ थान टनेल प्लाष्टिक लगायत अन्य कृषि सामाग्रीहरु वितरण मार्फत कृषि क्षेत्रमा सहायत गरियो। हाल सम्म गाउँपालिकामा ९० कि. मि. कृषि सडक निर्माण गरिएको छ।

९००० बाख्राहरुमा निशूल्क PPR Vaccine लगाईएको, २४०० गाई भैंसीहरुमा निशूल्क लम्फी स्किन खोप लगाईएको। २५० सडक तथा घरपलुवा कुकुरहरुमा निशूल्क रेविज विरुद्धको खोप लगाई पशु क्षेत्रमा सहायता गरियो।

गाउँपालिकाका विभिन्न वडामा गरी कूल ३०८८ हे. मा सिंचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएको छ। जलवायु परिवर्तनको प्रभावका कारण डिजाइन अनुसार पानी प्राप्त हुने कुरामा चुनौती थपिएको छ ।

गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको पहिचान गरि गणेश हिमाल पर्यटन विकास समितिको सहकार्यमा सामरी, टुँडी, लोक्युल, चापछ्प्पा, किम्ताङ हुदै रुविभ्यालिको सिङला गणेश हिमाल पदयात्राको अध्ययन तथा पर्यटन प्रवर्द्धनका कार्यक्रम सम्पन्न गरियो। टुँडी पार्कमा सफा पिउने पानी, शौचालयको व्यवस्था गरियो।

गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत नयाँ उद्यमी सिर्जना तर्फ वडा नं. ५ मा २० जना सिर्जना भई सो उद्यमीहरुलाई टनेल प्लाष्टिक, स्प्रे पम र तरकारी क्रेड वितरण गरियो। १३ जना पुरानो उद्यमीलाई मौरी सहितको घार वितरण गरियो।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार ब्यवस्थापनलाइ समेटने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडिवुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार गरिएको छ ।

गाउँपालिकामा रहेका २४ सामुदायिक वनमा उपयोग र संरक्षण सहितको वैज्ञानिक वन ब्यवस्थापनका अभ्यासहरू प्रारम्भ गरिएको छ।

मनसुनको प्रभावबाट आउन सक्ने पहिरो लगायतका जोखिमहरु पहिचान गरि पालिकाको विभिन्न २५ स्थानमा घर तथा बस्ती संरक्षणको कार्य गरियो।

**सुशासन तथा संस्थागत विकास भएका उपलब्धी**

गाउँपालिकाले ८ वटा ऐन, २ वटा नियमावली, २८ कार्यविधि, ५ वटा निर्देशिका, १ वटा नीति र २ वटा मापदण्डहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी व्यवस्थित वस्ति विकासको लागि आवश्यक मापदण्ड लागु गरियो।

गाउँपालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएकोछ । यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ६९.२५ अंक र स्थानीय तहको वित्तीय सुशासन जोखिम मुल्याङ्कन (FRRAP) मा ७६ अंक प्राप्त गरेको छ।

## आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू

सभाध्यक्ष महोदय,
अब म आ. व. २०८२।०८३ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

### १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

#### क. शिक्षा

१. आगामी पाँच वर्ष भित्र यस गाउँपालिकालाई शैक्षिक क्षेत्रमा वागमती प्रदेशकै नमुना गाउँपालिकाको रुपमा विकास गर्ने गरि पञ्च बर्षिय एकुकित शैक्षिक गुरुयोजना निर्माण गरि सोही अनुसार कार्यक्रम योजना निर्माण तथा कार्यान्वयन गरिनेछ ।

२. **व्यावहारिक प्रविधिमैत्री र जीवनपयोगी शिक्षा : हामी सबैको इच्छा** भन्ने नाराका साथ म्यागङको शिक्षालाई व्यावहारिक, प्रविधिमैत्री र जीवनपयोगी बनाउन पहल गरिनेछ।

३. **शिक्षण सिकाइमा प्रविधि : शिक्षाको गुणस्तरमा वृद्धि** भन्ने आशयका साथ गाउँपालिका भित्रका सबै विद्यालयहरुलाई क्रमश प्रविधिमैत्री बनाउदै digitalization गरिनेछ ।

४. शैक्षिक गुणस्तर सुधार हाम्रो प्रतिबद्धता अन्तरगत सबै विद्यालयसँग गरिएको कार्यसम्पादनको आधारमा **उत्कृष्ठ विद्यालय र उत्कृष्ठ शिक्षक** लाई पुरुस्कृत गरिनेछ।

५. हाम्रो म्यागङको पहिचान सहितको कक्षा १ देखि ८ सम्म **हाम्रो म्यागङ/ङ्याङला म्यागङ** नामक स्थानीय पाठ्यक्रम लागु भएकोमा उक्त पाठ्यक्रमलाई निरन्तरता दिईनेछ ।

६. विद्यालयमा विद्यार्थीको अनुपातमा शिक्षक व्यवस्थापनको लागि विद्यालय समायोजन, दरवन्दी मिलान, गाउँपालिका शिक्षण अनुदान शिक्षकको व्यवस्थालाई निरन्तरता दिदै बहुकक्षा बहुस्तर सिकाइ (MGML) शिक्षण विधि सम्पुर्ण विद्यालयमा लागू गरिनेछ।

७. विद्यार्थी प्रोत्साहन र शिक्षक प्रोत्साहनका विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

८. **हाम्रो स्कुल राम्रो स्कुल** भन्ने नाराका साथ विद्यालय सुधार योजना निर्माण गरि लागु गरिनेछ।

९. नेपालको संविधान र अन्तराष्ट्रिय प्रतिबद्धता अनुसार यस गाउँपालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा लागू भएको गाउँपालिका घोषणा भएकोमा सो को कार्यान्वयनको सम्पुर्ण व्यवस्थापन गरिनेछ। सबै विद्यालयमा बालमैत्री वातावरण तयार गरी शिक्षामा सबै बाल बालिकाहरूको पहुँच सुनिश्चितता गरिनेछ।

१०. विद्यालयमा अध्ययनरत किशोरीहरुलाई स्वच्छ महिनावारीको लागि सबै बिद्यालयमा निःशुल्क सेनेटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११. यस गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुलाई प्रदान गरिने विद्यालय दिवा खाजामा स्थानीय तथा रैथाने कृषि उपजको प्रयोग गरि घरेलु उत्पादनमा आधारित दिवा खाजा ढाँचा Home Grown School Feeding Approach अपनाइनेछ ।बालकक्षा देखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरुको लागि नेपाल सरकारबाट प्राप्त दिवा खाजाको रकममा प्रति विद्यार्थी दैनिक रु ५ गाउँपालिकाबाट थप अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२. विद्यालय हातामा तथा आसपासको क्षेत्रमा अस्वस्थकर खाद्य सामग्रीहरु अर्थात् पत्रुखाना (Junk Food) को बिक्रि वितरण तथा प्रयोगलाई पूर्णरुपमा निषेध गरिने छ ।दिवा खाजा कार्यक्रमलाइ प्रभावकारी

बनाउन निजी क्षेत्र तथा स्थानीय गैर सरकारी संघसंस्था र निकाय संग समन्वय र साझेदारीलाई निरन्तरता दिइनेछ ।

१३. हरेक आधारभूत विद्यालयको शिशु कक्षामा मन्टेस्वरीको आधारभूत सामाग्रिहरुको उपलब्धता र बालविकास सहजकर्तालाई तालिमको व्यवस्था गरिनेछ।

१४. यस गाउँपालिका भित्रको सामुदायिक विद्यालयबाट माध्यामिक तह पार गरि उच्च प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुलाई कार्यविधि बनाई प्रोत्साहन गरिनेछ।

१५. विद्यालय अनुगमन तथा सुपरीवेक्षण सुचकमा आधारित बनाइ थप प्रभावकारी बनाइने छ।

१६. शैक्षिक गुणस्तर सुधार तथा क्षमता विकासको लागि प्र. अ., लेखापाल, शिक्षकहरु, बालविकास कार्यकर्ता, व्यवस्थापन समितिको लागि पुर्नताजगी  तालिमको व्यवस्था गरिनेछ।

१७. विद्यालयको हाता भित्र हरियाली वातावरण निर्माणका लागि **एक विद्यालय एक बगैचाः एक विद्यार्थी एक विरुवा** नीति लिईनेछ।

१८. विषयगत शिक्षकहरुको समितिलाई सक्रिय गराई शैक्षिक सुधारका कार्यक्रमहरु ल्याइनेछ ।

१९. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

२०. "**उत्कृष्ट शैक्षिक गन्तव्य म्यागङ गाउँपालिका**" को रुपमा स्थापित गरी म्यागङ बाहिरका विद्यार्थीहरुलाई समेत आकर्षित गरिनेछ ।

२१. शैक्षिक गुणस्तर सुधारको लागि विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापना तथा विद्यार्थी मुल्यांकन प्रणालीलाई व्यवस्थित गरिनेछ। साथै विद्यालयमा अतिरिक्त क्रियाकलाप  कार्यक्रम सञ्चालन गरिने छ।

२२. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा उपलब्ध गराइने व्यवस्था गरिनेछ।

२३. अभिभावकहरुलाई विद्यालयसँग जोड्न अभिभावक शिक्षा कार्यक्रम संचालन  गरि अभिभावक शिक्षा लागू भएको स्थानीय तह घोषणा गरिनेछ।

## ख. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

१. आर्थिक अभावले कोही नागरिक स्वास्थ्य सेवाबाट बञ्चित नहोस भनि स्वास्थ्यमा सबैको पहुँचको सुनिश्चित गरि म्यागङ गाउँपालिकाका स्वास्थ्य संस्थाबाट निशुल्क सेवा उपलब्ध गराईनेछ।चालु आ. व. मा ५८ प्रकारका औषधीहरु निशुल्क गर्दै आएकोमा आगामी आ. व. बाट ९८ प्रकारका औषधीहरु निशुल्क उपलब्ध गराईनेछ।

२. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच तथा उपचारको प्रबन्ध,नसर्ने रोगहरुको स्क्रिनिङ तथा स्वास्थ व्यवहार परिवर्तन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

३. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

४. बर्थिङ्ग सेन्टर र गाउँघर क्लिनिकहरुको सेवालाई स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता गरिनेछ।

५. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

६. गाउँपालिका अन्तगर्तको नीजि स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको शुल्कलाई नियमन गरिनेछ।

७. राष्ट्रिय महिला सामुदायिक स्वास्थ स्वयंसेविकाहरुको स्वास्थ्य बीमा निशुल्क तथा ६० बर्ष उमेर पुगेका राष्ट्रिय महिला सामुदायिक स्वास्थ स्वयंसेविकाहरुलाई प्रोत्साहन सहित बिदाई गरि प्रोत्साहन गर्ने नीति लिइनेछ ।

८. वडामा रहेका बर्थिङ सेन्टरहरमा अल्ट्रासाउन्ड सहितको गर्भ जाँच, प्रत्येक बर्थिङ सेन्टरहरुमा सुत्केरि पश्चात नर्सिङ कर्मचारीहरको निगरानीमा रहदा सम्म खाना तथा खाजाको निशुल्क व्यवस्थापन गरिनेछ।

९. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

१०. उपाध्यक्षज्यू सँग महिला प्रजनन स्वास्थ्य परिक्षण कार्यक्रम मार्फत महिला दिदिबहिनीहरुको प्रजनन स्वास्थ्य परिक्षणका लागि निशुल्क स्वास्थ्य शिविरलाई निरन्तरता गरिनेछ।

११. सुत्केरि पश्चात नर्सिङ कर्माचारीहरु सुत्केरी घरभेट गर्न जादा पोषण प्याकेज सामाग्री वितरण व्यवस्थापन मिलाईनेछ।

१२. गर्भवती महिलाहरुको गर्भावस्थामा गरिने निशुल्क ल्याब जाँचलाई निरन्तरता तथा गुणस्तरीय प्रसुती सेवाको लागि बर्थिङ सेन्टरहरुलाई स्तरोन्नती गरि कार्यरत जनशक्तीहरुको क्षमता अभिबृद्दी गरिनेछ ।

१३. प्रत्येक बर्थिङ सेन्टरहरुमा अत्यावश्यक पर्ने औजार उपकरणहरुलाई व्यवस्थापन, सम्पुर्ण स्वास्थ संस्थाहरुमा औषधी/औजार/उपकरण खरिद व्यवस्थापन तथा स्वास्थ संस्थाहरुको सुदृढीकरणलाई निरन्तरता गरिनेछ।

१४. पोषणमैत्री स्थानीय शासन घोषणाको लागि स्वास्थ्यका सुचकांक हरुमा समीक्षा गर्दै सो सम्बन्धि सम्पुर्ण क्रियाकलापहरुलाई निरञ्तरता दिईनेछ।

१५. किशोरकिशोरी मैत्री स्वास्थ संस्था सेवा विस्तार, पालिका अन्तर्गतका कार्यालय तथा स्वास्थ्य संस्थामा स्तनपान कक्षा निर्माण गरिनेछ।

१६. प्रत्येक स्वास्थ्य संस्थाहरुलाई दैनिक कामकाज गर्न अनुदान रकमको व्यवस्थापन गरिनेछ।

१७. प्रत्येक महिना स्वास्थ्य संस्थाहरुबाट सञ्चालनमा रहेको मुख्यमन्त्री जनता स्वास्थ्य परिक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१८. देउराली प्राथमिक स्वास्थ्य केन्द्रबाट संचालित एम्बुलेन्सबाट दिईरहेको २५% (प्रतिशत) निरन्तरता दिईनेछ।

१९. आम नागरिकको स्वास्थ्य सुधारको लागि स्वास्थ्य व्यवहार परिवर्तन गराई नसर्ने रोगहरुको प्रकोप न्युनिकरणको लागि पहल गरिनेछ।

## ग. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

२. स्यागङ गाउँपालिका भरिका सबै सरकारी तथा गैरसरकारी निकायमा समेत बुधवारको दिन मौलिक पोशाकलाई अनिवार्य गर्ने नीति लिइनेछ ।

३. सबै विद्यालयमा स्थानीय गीत, बाजा र नाच सिकाईने व्यवस्था गरिनेछ ।

## घ. युवा तथा खेलकुद सम्बन्धी  नीति तथा कार्यक्रम

१. यस गाउँपालिकाको खेलकुद अन्तर्गतको गौरवको रुपमा अन्तरपालिका स्तरीय अध्यक्ष कपको चौथो संस्करण संचालन गरी खेलकुद मार्फत जिल्ला स्थित स्थानीय तहहरु सँगको सम्बन्ध सुदृढ गरिनेछ।

२. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

३. विद्यालयस्तरीय खेलकुदका प्रतियोगिताहरु अन्तर्गत राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन तथा गाउँपालिका भित्रका सबै विद्यालयमा खेल प्रशिक्षण गर्न  खेल प्रशिक्षकको व्यवस्था गरिनेछ।

४. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजिनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

५. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरि युवामैत्री स्थानीय तह घोषणा गर्न आवश्यक कार्यक्रम तय गरिनेछ ।

६. विपन्न, गरिब र दलित परिवारका युवाहरुलाई आवश्यक विभिन्न तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

## ङ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी रणनीति (GESI) बनाई कार्यान्वयन गरिनेछ।

३. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण (GRB) गर्ने व्यवस्था मिलाइनेछ।

४. बालबालिका, महिला, दलित, आदिवासि जनजाति, युवा, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, विपन्न वर्ग र क्षेत्रलाई प्रतिस्पर्धी जनशक्तिको रुपमा सशक्त बनाउन क्षमता विकास, सामाजिक सशक्तिकरण, सिपमुलक तालिम र आयआर्जनका कार्यक्रमलाई निरन्तरता दिईनेछ।

५. ज्येष्ठ नागरिक परिचयपत्र, अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचयपत्र, एकल महिला परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिदै ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। साथै अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा पुनर्स्थापना कार्यक्रम संचालन गरिनेछ।

६. बाल विबाह अन्त्यको लागि बालबिबाह मुक्त अभियान सञ्चालन तथा निरन्तरता गरिनेछ।

७. विद्यालय स्तरीय बालक्लवको क्षमता विकास कार्यक्रम , गाउँपालिका  तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

८. बालमैत्री स्थानीय तह घोषणा तयारीको लागि सबै विद्यालयहरुमा बालक्लव गठन गर्ने, बालक्लबको क्षमता विकास कार्यक्रमहरु गर्ने, बिकासका पुर्वाधारशरु बालमैत्री बनाउने प्रत्येक वडामा बाल बगैचा लगायत संरचना तठर गर्ने।

९. पोषण मैत्री र बाल मैत्री स्थानीय तह घोषणा गर्न आवश्यक सूचक पुरा गर्ने गरी कार्यक्रमहरु सञ्चालन गरी २०८३ साल सम्ममा बाल मैत्री स्थानीय तह घोषणा गरिनेछ र बाबुआमा विहिन बालबालिका संरक्षण सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०. गाँउपालिका भित्रका महिला समुह तथा एकल महिलाहरुको छुट्टै  गठन गरी विषेश प्रोत्साहन दिइ समुहको लागि नेतृत्व विकास, कानुनी साक्षरता तालिम  तथा सीप सम्बन्धी तालिमलाई निरन्तरता दिइनेछ ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. लघु उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिकाको आन्तरिक आय वृद्धि तथा आन्तरिक बाह्य पर्यटकलाई आकर्षित गर्न हाल प्रचलनमा रहेको स्वदेशी विदेशी मदिरालाई निरुत्साहित गर्न स्थानीय कोदोको मदिरालाई म्यागङ ब्राण्डको रुपमा प्रचलनमा ल्याईनेछ। यसका लागि आगामी आ. व. मा मदिरा प्रयोग तथा अनुगमनसँग सम्बन्धित कानून बनाई लागु गरिनेछ।

२. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

३. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति निइनेछ।

४. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ।

५. विभिन्न जातजातिको जातजाति परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरि आन्तरिक तथा बाह्य पर्यटनहरु आकर्षित गरिनेछ।

६. विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टेसहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादन पाहुनाको रुपमा राख्न होमस्टे संचालन गरिनेछ।

७. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशर हरुको वितरण गरिनेछ।

८. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

९. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई ढाँचा परिवर्तन गरि स्थानीय तहको सहकार्यमा खेतियोग्य बाँजो जमिन पहिचान गरि रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई कृषि तथा उत्पादनमुलक क्षेत्रमा रोजगारी प्रदान गरिनेछ।

### ख. श्रम तथा रोजगारः

१. नेपालको संविधानको धारा ३९(४) मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा अन्य जोखिमपुर्ण काममा लगाउन नपाउने व्यवस्था गरेकोमा यस स्थानीय तहभित्र भएका बाल श्रम सम्बन्धमा बालबालिकाको सर्वेक्षण तथा अनुगमन गरि बाल श्रम मुक्त स्थानीय तह घोषणा गर्न **"बाल श्रम सम्बन्धमा सचेतना कार्यक्रम"** सञ्चालन गरिनेछ।

२. स्थानीय तहमा सूचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी सुनिश्चित गर्न एवं सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित आयोजनाहरु सञ्चालन मार्फत आ.व २०८१/८२ मा १२६१ जना सुचीकृत बेरोजगार व्यक्तिहरुमध्ये ७५ जनालाई औषत १०० दिनको

रोजगारी सिर्जना गरेको थियो भने आ.व. २०८२/८३ मा ८१० जना सुचिकृत बेरोजगार व्यक्ति मध्ये संघीय शसर्त अनुदानमार्फत ४० जना र स्थानीय तहको लागत साझेदारीमा ४० जना गरि करिव ८० जनालाई औषत १०० दिन बराबरको रोजगारी सिर्जना गरिनेछ।

३. **"स्थानीय तहको रोजगार रणनीति"** तयार गरी व्यवसायिक सीप विकास, रोजगार प्रवर्द्धन, उत्पादनशील रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्द्धन, आप्रवासन वा सम्पूर्ण रोजगारीको तथ्याकं संकलन र विश्लेषण, लक्ष्य निर्धारण, अवसर तथा चुनौतीको पहिचान लगायतका श्रम तथा रोगार सम्बन्धी सेवा सुविधा एकिकृत रुपमा प्रदान गरिनेछ। नीजि, सहकारी तथा सरकारी निकायबीच अन्तरतह तथा अन्तरनिकायसंग सामाजिक संरक्षण/सुरक्षा कार्यक्रमबीच तालमेल मिलाउने क्रियाकलाप **"यात्रा साझा समृद्धि कार्यक्रम"** सञ्चालन गरिनेछ।

४. नेपाल सरकारले स्थानीय तहलाई हस्तान्तरण गरेको श्रम स्वीकृति, पुन श्रम स्वीकृति कार्यलाई व्यवस्थित र प्रभावकारी बनाई बिदेशबाट रोजगारी गुमाई फर्किएका बेरोजगार युवाहरुलाई **"पुनःएकीकरण कार्यक्रम तथा वित्तिय साक्षरता कार्यक्रम"** संचालन गरिनेछ।

५. रोजगार सेवा केन्द्रमा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुको योग्यता भएका वा नभएका सीप भएका वा सीप नभएका, योग्यता वा सीप दुवै भएका वा दुवै नभएकाहरुको तथ्याङ्क अध्यावधिक गरि सोहि बमोजिम एकिकृत श्रम बजारमा आवद्ध गराईनेछ।

**ग. <u>कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम</u>**

१. कृर्षी तथा पशुपंक्षी भवन लाई व्यवस्थित रुपमा सञ्चालन गरी कृषिमा आएका नयाँ प्रविधि र सूचना किसान समक्ष पुर्याउने हेतुले कृषि प्रसार गर्नको लागि कृषि प्रसार नीति ल्याईनेछ। पशु र कृषिमा दिइरहेको बिमा कार्यक्रमलाई निरन्तरता गरिनेछ।

२. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन तथा कृषकहरुलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ।

३. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।

४. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।

५. तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसावारी को लागि तालिम, प्रविधि र लगानीको ब्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ।

६. उन्नत नश्ल सुधार गरि उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृत्रिम गर्भाधान मिसन कार्यक्रमलाई निरन्तरता दिईनेछ।

७. किसान हाम्रो साथी कार्यक्रम अन्तर्गत किसानको गुनासो लिन र सम्बोधन गर्न हटलाईनको व्यवस्था गरिनेछ साथै भएका कृषि तथा पशु प्राविधिकलाई खेत, गोठ र फार्ममा नियमित सेवामा पठाईनेछ।

८. पशु तथा कृषि सगँ सम्बन्धित तथ्याङ्कहरु अध्यावधि गरिन्छ।

९. किसान सुचिकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ साथै किसान परिचयपत्रको अबधारणा ल्याईने छ।

### घ. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

३. सहकारीको सुदृढिकरणको लागि COPOMIS तथा क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिई व्यवस्थापन र स्थायित्वको सुनिश्चितता गरिनेछ।

४. म्यागङ गाउँपालिका क्षेत्रभित्र पर्ने सहकारीहरुको व्यवस्थितरुपमा सञ्चालन भए/नभएको अनुगमन गरि अब्यबस्थित सहकारीहरु खारेजि तथा समायोजनको प्रकृयामा लगिने छ।

## ३. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. म्यागङ गाउँपालिका अन्तर्गतका सरकारी कार्यालयहरु (वडा कार्यालय, सामुदायिक विद्यालय, स्वास्थ्य संस्था) VoIP Telecommunication system जडान गरिनेछ।

२. वडा तहबाट उपलब्ध गराईने वडागत सिफारिसलाई एकरुपता ल्याउन सफ्टवेयर मार्फत एकिकृत सिफारिस प्रणालीको विकास गरिनेछ। ।

३. गाउँपालिकाको प्रगति सूचना तथ्याङ्क अभिलेखलाई एकीकृत रुपमा व्यवस्थितको लागि गाउँपालिका स्तरीय सूचना तथा अभिलेख केन्द्र (Data Center) को स्थापना गरिनेछ। ।

४. नेपाल सरकारको E-Governance धरणालाई अनुशरण गरी यसै आर्थिक बर्ष देखि Paper less, Digitalization पालिकाको सुरुवात गरिनेछ।

५. सुचनाको हक प्रवर्द्धनको लागि सञ्चार सस्थासँगको सहकार्यमा जनप्रतिनिधि र कर्मचारीहरुसँग अभिमुखिकरण कार्यक्रम गरिनेछ।

## ४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

## ५. सुशासन सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईने कार्यलाई निरन्तरता दिईनेछ ।

२. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटी तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।
३. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।
४. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु गाउँपालिकाको तर्फबाट सुझाव पेटिका व्यवस्थापन तथा सार्वजानिक सुनुवाई कार्यविधिलाई निर्माण गरि कार्यन्वयनमा ल्याईनेछ।
५. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागि संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको सुविधा प्रदान गर्ने नीति लिइनेछ।
६. कार्यसम्पादनमा अब्बल रहेका करार कर्मचारीहरुको सम्झौतालाई निरन्तरता दिईनेछ।
७. कर्मचारिहरुलाई प्रोत्साहन गर्न गत आर्थिक वर्षमा दिइ आएको सुविधाहरु निरन्तरता दिइनेछ।
८. गाउँ प्रहरीहरुको सेवाको वैज्ञानिक ढंगले संगठन तथा ब्यवस्थापन गरी दरबन्दी संरचना निर्धारण गरिनेछ।
९. गाउँपालिकामा बजेट निर्माण तथा लेखा सम्बन्धी कार्यहरु SuTRA प्रणालीबाट संचालन हुँदै आएकोमा आगामी वर्षबाट राजस्व सम्बन्धी कार्यहरु पनि SuTRA प्रणालीबाट संचालन गरिनेछ। जिन्सी व्यवस्थापन कार्यको लागि सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) प्रयोग गर्दै आएकोमा थप प्रभावकारी रुपमा सम्पादन सहित निरन्तरता दिईनेछ। कार्यलयहरुमा विद्युतीय हाजिरी प्रभावकारी बनाइनेछ।
१०. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।
११. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।
१२. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।
१३. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यमकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।
१४. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।
१५. आगामी आर्थिक वर्षमा यसै गाउँपालिकाको जनशक्तिहरुलाई लोकसेवा/शिक्षक सेवाको तयारीका लागि आवश्यक कक्षा सञ्चालन कार्यलाई निरन्तरता गरिनेछ।
१६. तामाङ समुदायमा मूर्त र अमुर्त ज्ञानको अध्ययन गरिनेछ ।
१७. +२ पाश गरि बसेका विद्यार्थिहरुको लागी लेखा व्यवस्थापन तालिम सञ्चालन गरिने छ ।

## ६ वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको व्यवस्था मिलाइनेछ ।

२. खानेपानी तथा सरसफाई गुरु योजना (WASH Master Plan) निर्माण गरि गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाईको कार्यलाई व्यवस्थित गरिनेछ।

३. **"स्वास्थ्यको लागि पानी, सबैको लागि पानी"** नारा सहित खानेपानी आयोजनाहरलाई अवस्था अनुसार मर्मत संभार संरक्षण गरी १ घर १ धाराको नीति अनुरुप उपभोक्ताको मागमा आधारित सहयोग कार्यक्रम संचालन गरिनेछ। साझेदारी संस्थाहरुको सहयोगमा खानेपानी आयोजनाहरु निर्माण गरिनेछ।

४. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

५. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

६. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

७. स्थानीय विपद् जोखिम न्युनीकरण, कृर्षिमा जलवायू अनुकूलन प्रणाली अवलम्वन तथा जलवायु उत्थानशिल खाका निर्माण गरि जलवायुमैत्री स्थानीय तह घोषणा गर्ने नीति लिइनेछ।

८. जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

### ख. वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन

१. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

२. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

३. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

४. भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ। साथै भू-उपयोग तथ्याङ्कको अद्यावधिक गरी वैज्ञानिक कित्ताकाट कार्यको अवलम्बन गरिनेछ।

५. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

६. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

७. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

८. गाउँपालिका को विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

९. प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन कार्यमा युवाहरुलाई परिचालन गरि प्रोत्साहन गरिनेछ।

१०. स्वच्छ वातावरण र हरियाली वृद्धि मार्फत म्यागङको सुन्दरता बढाई पर्यटन आकर्षण गर्न एक घर एक फुलबारी स्थापनाका लागि आह्वान गरिनेछ।

११. विद्यालयहरुमा Eco-Club को गठन गरी विद्यार्थीहरुलाई SEE उत्तिर्ण प्रमाणपत्र लिन आउँदा कम्तिमा १० वटा विरुवाहरु रोपेर आउनुपर्ने व्यवस्थालाई अनिवार्य गर्ने कार्य सम्बन्धित विद्यालयबाट गराईनेछ।

१२. नदी तथा खोलानालाको जैविक पारिस्थितिकिय प्रणाली (Eco-System) बचाउन खोलामा विद्युतीय करेन्ट, विषादी प्रयोगबाट माछा मार्ने कार्यलाईटोल बस्ती समुदाय, स्थानीय सुरक्षा निकाय र वडा समितिहरुको सहयोगमा पूर्ण रुपमा निषेध गरिनेछ।

## ६. <u>भौतिक पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम</u>

१. म्यागङ गाउँपालिकाको वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७९, नेपाल राष्ट्रिय भवन संहिता २०६०, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई को कडाईका साथ कार्यान्वयनको व्यवस्था मिलाईनेछ।

२. यस गाउँपालिका वाट सञ्चालन हुने आयोजनाहरुको लागि भाद्र महिना भित्र उपभोकेता समिति गठन, असोज महिना भित्र उपभोक्ता समितिहरुको लागि अभिमुखीकरण गरी  मंसिर १५ गते भित्र सम्झौता गरि कार्यान्वयनमा लगिनेछ । साथै २० लाख भन्दा माथिको योजना ठेक्का प्रकृयाबाट कार्यान्वयन गरिनेछ ।

३. एकिकृत शहरी तथा वस्ति विकास योजनाद्वारा निर्दिष्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

४. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

५. भवन निर्माण अनुमति तथा नक्सा पास कार्यलाई अनिवार्य गरी आधुनिक व्यवस्थित बसोबास तर्फ गाउँपालिकालाई अग्रसर गरिनेछ।

६. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

७. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ।

८. भौतिक पुर्वाधारका आयोजनाहरुमा बहुबर्षिय आयोजनाहरुलाई विशेष प्रथामिकतामा राखी ३ वर्ष भित्र सम्पन्न गरिने व्यवस्था मिलाईनेछ।

९. उपभोक्ता समिति मार्फत निर्माण हुने  सम्पुर्ण योजनाहरुको हकमा लागत  सहभागिता न्यूनतम १० प्रतिशत कायम गरिनेछ। तर सबै सदस्यहरु दलित वा महिला भइ गठित उपभोक्ता समितिमा लागत सहभागीमा छुट गरिनेछ। आगामी आर्थिक बर्षमा उपभोक्ता समितिबाट संचालन गरिने आयोजनाहरुको सम्झौता चैत मसान्तसम्म हुने व्यवस्थालाई निरन्तरता दिईनेछ। साथै  उपभोक्ता समितिहरुबाट ज्येष्ठ मसान्तसम्म आयोजना सम्पन्न  गर्नुपर्ने व्यवस्था अनिवार्य रुपमा लागु गरिनेछ।

## ७. <u>राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम</u>

१. आन्तरिक आय व्यवस्थापन गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

३. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

४. एकीकृत सम्पत्ति कर लागु गरिनेछ।

५. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

६. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

७. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

८. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

९. करदाताको कर लगतलाइ ब्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ ।

१०. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

११. राजस्वबाट संकलित रकम बाट बिकास निर्माणको कार्य र करदाताहरुको हित उपयोगि कार्यमा खर्च गरिनेछ ।

१२. ढुङ्गा गिटी बालुवा उत्खन्न बिक्री तथा व्यव्थापन संकलित रकम बाट बिकास निर्माण कार्यमा खर्च गरिने छ।

**धन्यवाद!**